# बाली बिरुवामा कीट व्यवस्थापनका लागि पासो र ल्युरको प्रयोगका साथै केही घरेलु उपायहरू

जलवायु उत्थानशील कृषि प्रविधि सङ्गालो



## परिचय

बाली बिरुवामा (तरकारी बाली, अन्नबाली, फलफूल आदि) विभिन्न रोग तथा कीराहरूको प्रकोप दिनानुदिन बढ्दै जानुको एक कारण जलवायु परिवर्तन हो । विभिन्न नयाँ प्रकृति तथा प्रजातिका कीराहरूको प्रकोपले गर्दा कृषि उत्पादनमा ह्रास भई किसानहरूले अतुलनीय क्षति भोग्नु परिरहेको छ । रोग तथा कीरा नियन्त्रणको लागि रासायनिक विषादीको प्रयोग अत्याधिक मात्रामा भैरहेकोमा यसले मानव तथा पशु स्वास्थ्य, बाली स्वास्थ्य र कृषि पारिस्थितिकीय प्रणालीमानै नकारात्मक असर पारिरहेको छ । रासायनिक विषादीको निरन्तर तथा अत्याधिक प्रयोगले कीराहरूमा प्रतिरोधी क्षमताको विकास भई प्रत्येक वर्ष नयाँ तथा कडा विषादीको प्रयोग गर्नुपरिरहेको विद्यमान अवस्था छ । यसको विकल्पमा विभिन्न पासो तथा ल्युरको प्रयोगद्वारा रासायनिक कीटनाशकहरूको प्रयोगलाई कम गरि एकिकृत शत्रुजीव व्यवस्थापनको उद्देश्यअनुसार पर्यावरण मैत्री कृषिको कल्पना गर्न सकिन्छ । पासो तथा ल्युरको प्रयोगद्वारा लक्षित हानिकारक कीराहरूलाई आकर्षित गरी नष्ट गरी तिनीहरूको जनसङ्ख्या निगरानी वा कम गर्न सकिन्छ । उदाहरणका लागि, झिँगा र बारुलाहरू प्रायः प्रोटिनहरूमा आकर्षित हुन्छन् र लाही कीरा तथा ज्यासिडहरू प्रायः रङ्गीन पासोहरूमा आकर्षित हुन्छन् । विशेष कीराहरूका लागि खानाको चारा, रासायनिक आकर्षण र फेरोमोन जस्ता आकर्षणहरू प्रयोग गरिन्छ । कीराहरूलाई आकर्षित गर्न प्रकाश पासो, विभिन्न रङ र आकारहरूका पासोहरू र अन्य आकर्षणहरू पनि प्रयोग गर्न सकिन्छ ।

पासो तथा ल्युरको प्रयोग रोग तथा कीरा नियन्त्रणको लागि प्रभावकारी देखिएको छ र यसको प्रभावकारिता बढाउन कृषकमाझ कुन पासो तथा ल्युर कुन बालीमा, कहिले, कति वटा, कुन कीरा नियन्त्रणको लागि राख्ने भन्ने जस्ता विषयमा ज्ञान हुनु आवश्यक देखिन्छ ।

तल तालिकामा विभिन्न पासो तथा ल्युर र तिनीहरूको प्रयोगको बारेमा उल्लेख गरिएको छ ।

| पासोको नाम | प्रयोग गरिएको ल्युर | लक्षित कीरा | लक्षित बाली | प्रति जग्गामा पासाको संख्या | पासोले काम गर्ने अवधि | पासो राख्ने उपयुक्त समय |
|---|---|---|---|---|---|---|
| | टी.एल.एम. ल्युर (TLM Lure) | टमाटरको पात खन्ने कीरा  | गोलभेँडा | ४ ल्युर प्रति रोपनी | ५० दिन | बाली रोप्नु भन्दा १० दिन पूर्व |

| पासोको नाम | प्रयोग गरिएको ल्युर | लक्षित कीरा | लक्षित बाली | प्रति जग्गामा पासाको संख्या | पासोले काम गर्ने अवधि | पासो राख्ने उपयुक्त समय |
|---|---|---|---|---|---|---|
| वटा टी पासो (Wota T Trap)  | ल्युसिन ल्युर | भन्टाको फल तथा डाठ खाने कीरा  | भन्टा | ३ ल्युर प्रति रोपनी | ५० दिन | भन्टा रोपेको १ हप्ता पश्चात् |
| | डि.बि.एम. ल्युर | काउली तथा बन्दामा लाग्ने इटबुट्टे पुतली  | काउली, बन्दा, ब्रोकाउली, गाठगोभी | ३ ल्युर प्रति रोपनी | ५० दिन | बेर्ना सारेको १ हप्ता पश्चात् |
| फनेल पासो  | हेली ल्युर | अमेरिकन बोलवर्म कीरा, हरियो पात खाने लार्भा  | चना, केराउ, कपास, खुर्सानी, गोलभेडा, भिंडी, सूर्यमुखी | ३ ल्युर प्रति रोपनी | ३० दिन | फूल लाग्ने समयमा |
| | स्पोडो-ल्युर | सुर्तीको पात खाने कीरा  | काउली, बन्दा, स्कूस, सूर्यमुखी | २ ल्युर प्रति रोपनी | ५० दिन | बेर्ना सारेको १ हप्ता पश्चात् |
| | ब्याकु ल्युर/क्यु -ल्युर | लहरे बालीमा लाग्ने औंसा कीरा  | काक्रो, फर्सी, लौका, जुकुनी | २ ल्युर प्रति रोपनी | ६० दिन | फूल फुल्ने समयमा |
| फेरोमोंन पासो  | प्रोटिन बेट/ बडोर ल्युर/ CFF ल्युर | फलफूलमा लाग्ने औंसा कीरा  | सुन्तला जातका बिरुवा, अनार, स्याउ, नासपाती, आप, अम्बा | २ ल्युर प्रति रोपनी | ६० दिन | पूmल फुल्ने समयमा |
| पहेलो च्यापच्यापे पासो  | - | लाही कीरा, पात खन्ने कीरा, थ्रिप्स, झिंगा, कत्ले कीरा  | फलफूल तथा तरकारी बालीका लागि | ४ पासो प्रति रोपनी | १ महिना | बाली लगाए पश्चात् |
| निलो च्यापच्यापे पासो  | - | थ्रिप्स, पात खन्ने कीरा, झिंगा  | फलफूल तथा तरकारी बालीका लागि | ४ पासो प्रति रोपनी | १ महिना | बाली लगाए पश्चात् |

| पासोको नाम | प्रयोग गरिएको ल्युर | लक्षित कीरा | लक्षित बाली | प्रति जग्गामा पासाको संख्या | पासोले काम गर्ने अवधि | पासो राख्ने उपयुक्त समय |
|---|---|---|---|---|---|---|
| सेतो च्यापच्यापे पासो  | - | खपटे कीरा, पतेरो कीरा  | फलफूल तथा तरकारी बालीका लागि | ४ पासो प्रति रोपनी | १ महिना | बाली लगाए पश्चात् |
| डेल्टा च्यापच्यापे पासो  | - | फौजी कीरा, कपासको गवारो कीरा  | मकै, कपास र तरकारी बाली | ४ पासो प्रति रोपनी | १ महिना | बाली लगाए पश्चात् |
| खाडल पासो  | - | जमिन सतहमा हिड्ने कीरा तथा मुसाहरू  | फलफूल तथा तरकारी बालीका लागि | आवश्यकता अनुसार | | बाली लगाए पश्चात् |
| बत्ति पासो  | - | रातमा सक्रिय रहने कीरा (जस्तैः पुतली, पतेरा)  | फलफूल तथा तरकारी बालीका लागि | १ बत्ति पासो प्रति हेक्टर | | बाली लगाए पश्चात् |
| खुम्रे कीरा पासो  | White Grub Lure | खुम्रे कीरा (White Grub)  | बिभिन्न बालीहरु जस्तैः आलु, मकै आदि । | २ वटा प्रति रोपनी | ४५ देखि ५० दिन | बाली लगाउनु भन्दा पहिले, जग्गा तयारीको समयमा |
| अमेरिकन फौजी किरा पासो  | FAW Lure (Spodoptera Frugiperda) | अमेरिकन फौजी किरा  | मकै | २ वटा प्रति रोपनी | ४५ देखि ५० दिन | मकै छरेको २ हप्ता भित्र |
| मोहनी (सोली) पासो  | YSB Lure | धानको पहेलो गवारो  | धान | ३ वटा प्रति रोपनी | ४५ देखि ५० दिन | बेर्ना सारेको १० दिन पछि |

**नोटः** तरकारी बालीको हकमा, बत्ती पासोलाई ५ फिटको उचाईमा र माथि उल्लेखित अन्य पासोहरुलाई ३ देखि ४ फिटको उचाईमा राखेमा पासोको प्रभावकारीता बढी हुन्छ ।

## कीरा नियन्त्रणमा स्थानीय स्तरमा भइरहेका केहि अभ्यासहरू:

- निम, टिमुर, बोझो, तितेपाती, ज्वानो, तोरीको तेल प्रयोग गरी अन्न भण्डारणमा रोग कीरा नियन्त्रणः
    - » एक केजी निमको पात, १० लिटर पानी १२ घण्टा जति भिजाउने । झोललाई छानेर बालीमा छर्कने । निमको पातभन्दा फल (गेडा) अझ प्रभावकारी हुन्छ ।
    - » भण्डारण गरिएको बीउलाई कीराहरूबाट जोगाउन भकारीको (भण्डारण गरेको ठाँउको) माथिल्लो भागको बीउ माथि ४ देखि ५ इन्च जति छहारीमा सुकाएको सफा निम, बकाईनो तथा तितेपाती जस्ता विरुवाको पातहरू राख्ने ।
- काठको धुलो, गहुँत, साबुनपानी, सूर्तीको झोल, पुदिना र तितेपातीको झोल, मेवाको पातको घोल, लसुन र सयपत्री फूलको मिश्रण आदि प्रयोग गरी तरकारी बालीको कीरा नियन्त्रणः
    - » गाई/भैंसीको गहुँतको प्रयोगले झुसिलकीरा, कत्लेकीरा, लाही, थ्रिप्स, पुतलीका लाभ्रा आदि कीराहरू र कतिपय भाइरसजन्य रोगहरूको नियन्त्रण गर्न प्रभावकारी हुन्छ । एक लिटर गहुँत ५-१० लिटर पानीमा मिसाई छर्ने ।
    - » सुर्तीको प्रयोग गरेर झुसिलकीरा, खपटे कीरा, गवारो, पात बटार्ने कीरा, लाही, थ्रिप्स, फेद काट्ने कीराको रोकथाम गर्न सकिन्छ । एक केजी सुर्तीको पात र डाँठ १५ लिटर पानीमा सानो टुक्रा गरी २४ घण्टा भिजाउने । १०० ग्राम वासिङ पाउडर मिसाई छानेर बालीमा छर्कने । दुई सय ५० ग्राम सुर्ती, ५० ग्राम साबुन, चार लिटर पानीको मिश्रणलाई ३० मिनेटसम्म पकाएर छान्ने र एक भाग झोलामा चार भाग पानी मिसाएर छर्कने ।
    - » पशुवस्तुको ताजा गोबर आलु बालीको डढुवा रोगमा प्रयोग गर्न सकिन्छ । एक केजी ताजा गोबरमा चार लिटर पानी मिसाई कपडाले छानी डढुवा रोग लागेको बालीमा छर्कने ।
    - » पुदिना र तितेपातीको झोल झुसिल कीराको नियन्त्रणको लागि प्रयोग गरिन्छ । १०० ग्राम पुदिना र १०० तितेपाती मिसाई कुटेर एक लिटर पानीमा डुबाई घोल बनाएर छान्ने र कीरा लागेको बिरुवामा भिज्ने गरी छर्कने ।
    - » मेवाको पातको घोलले कफीको डढुवा तथा पिठे रोगको (ढुसीरोग) नियन्त्रण हुन्छ । एक किलो पिसेको मेवाको पात एक लिटर पानीमा घोलेर कपडाले छान्ने, पाँच लिटर पानीमा २० ग्राम साबुन पानीको घोल बनाइ छर्ने ।
    - » लसुन र सयपत्री फूलको मिश्रण पात खन्ने कीरा नियन्त्रणका लागि गर्न सकिन्छ । तीन-चार पोटी लसुन, दुई मुठी सयपत्री फूलको पात, तीन-चार दाना प्याज, तीन-चार वटा खुर्सानी र एक लिटर पानीको मिश्रणलाई १५ मिनेटसम्म उमाल्ने र चिसो भएपछि कपडा वा जालीमा छानेर एक भाग झोलमा दुई-तीन भाग पानी मिसाएर कीरा लागेको बिरुवामा छर्कने ।
- स्थानीय वनस्पतिबाट तयार गरिने झोलमल, गाईको गहुँत, मोही आदिको प्रयोग ।
- केही मात्रामा ढुसीजन्य, ब्याक्टेरीया, भाइरस तथा निमाटोड जन्य जैविक विषादीको प्रयोग ।

## सन्दर्भ-सामग्रीहरू


A. M. El-sayed, D. M. Suckling, A. Byers, E. B. Jang, and C. H. Wearing (2009). Potential of "Lure and Kill" in Long-Term Pest Management and Eradication of Invasive Species. J. Econ. Entomol. 102(3): 815Ð835

U. Dey, S. Sarkar, M. Malik, and M. Sehgal (2021). Light trap: An efficient IPM Tool for Farmers. Sepahijala, Tripura

दिगो कृषिका आधारभूत प्रविधि, २०६८, फरेष्ट एक्सन नेपाल ।


## कृतज्ञता


यो सामग्री GRAPE परियोजनाअन्तर्गत सञ्चालन भएको कार्यक्षेत्र २: कार्यमूलक अनुसन्धानमार्फत् विकास गरिएको हो । यो सामग्री तयारीका क्रममा पुऱ्याउनु भएको आर्थिक तथा प्राविधिक सहयोगप्रति हामी GRAPE परियोजनाप्रति आभारी छौं, साथै यस सामग्रीको तयारीको क्रममा पुऱ्याउनु भएको योगदानका लागि कमल अर्याल, राजेन्द्र ढकाल, ओसिन शर्मा र सुनिल ढुङ्गेलप्रति कृतज्ञ छौं ।



**सामग्री तयारकर्ताहरू** : कैलाश भट्ट, कविता शाही, प्रगति राज सिपखान, लक्ष्मण खत्री र शंकर न्यौपाने



GRAPE परियोजनालाई युरोपेली संघ (EU), फिनल्याण्डको विदेश मामिला मन्त्रालय र जर्मन संघीय अर्थ सहयोग तथा विकास मन्त्रालय (BMZ) ले आर्थिक सहयोग गरेको छ । यो टीम युरोपको अवधारणा अन्तर्गत कार्यान्वयन गरिएको परियोजना हो । यस प्रकाशनमा समावेश भएका सामग्रीले युरोपेली संघ, फिनल्याण्डको विदेश मामिला मन्त्रालय र जर्मन संघीय अर्थ सहयोग तथा विकास मन्त्रालय (BMZ) का विचारहरू प्रतिबिम्बित गर्न आवश्यक छैन ।


### थप जानकारीका लागि:


**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**
प्रधान कार्यालय: पोखरा, कास्की, पो.ब.नं. ३२४ | फोन: ०६१–५७६८३४, ५८५३५७
कार्यक्रम समन्वय कार्यालय: सानेपा, ललितपुर | फोन: ०१–५४४०३३०
इमेल: info@libird.org | वेब: www.libird.org